# नगरसभा अध्यक्ष श्री जोगराज चौधरीबाट १७ औं नगर सभामा प्रस्तुत आ.ब २०८२/८३ को बार्षिक नीति तथा कार्यक्रम

लमही नगरपालिका,दाङ

अषाढ १०, २०८२

आदरणीय नगरसभाका सदस्य ज्यूहरु

सभामा उपस्थित सम्पूर्ण महानुभावहरु

संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल, लुम्बिनी प्रदेश, दाङ जिल्ला लमही नगरपालिका नगर प्रमुखको हैसियतले नगरपालिकाको पन्ध्रौं नगर सभालाई सम्बोधन गर्न पाउँदा म गौरवान्वित भएको छु । यस अवसरमा नेपालको सार्वभौमसत्ता, अखण्डता र गणतन्त्रलाई मूर्तरुप दिन लोकतन्त्रको स्थापनार्थ लागि विभिन्न कालखण्डमा भएका राजनीतिक क्रान्ति, जनआन्दोलन र बलिदानपूर्ण संघर्षमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

लमही नगरपालिका स्थापना काल देखी हाल सम्म नगर निर्माण अभियानमा प्रत्यक्ष वा परोक्ष रूपले योगदान गर्नुहुने स्थानीय बुद्धिजीबी, समाजसेवी, विकासप्रेमी, ब्यवसायी, पत्रकार/संचारकर्मी, राष्ट्रसेवक कर्मचारी, नीजि तथा गैरसरकारी संघ संस्था तथा नगरपालिकाको प्रथम जननिर्वाचित जनप्रतिनिधीज्यूहरू र आम लमही नगरबासीमा हार्दिक आभार प्रकट गर्दछु ।

यस सम्मानित सभामा उपस्थित
नगरसभाका सदस्य ज्यूहरु
आदरणीय महानुभावहरु,

लमही नगरपालिकाको आगामी आ.व. २०८२/०८३ का लागि नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, दिगो विकासका लक्ष्यहरु, नेपाल सरकारको सोह्रौं आवधिक योजना, प्रदेश सरकारको मार्गदर्शन तथा प्राथमिकताहरु र यस नगरपालिकाको आवश्यकता तथा

रणनैतिक योजना समेतलाई आधार मानी कतिपय कानूनी जटिलता, अस्पष्टता र साधन स्रोतको सिमिततताका बावजुद पनि नगरबासीहरुको आशा र अपेक्षाहरुलाई समेट्दै यहाँहरुको चाहना अनुसार तय गरिएका नीति तथा कार्यक्रमहरु यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु ।

## लमही नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रमहरु:

### क. सामाजिक विकास तर्फ

### शिक्षा, युवा तथा खेलकुद सम्बन्धि नीति

(१) "नगर समृद्धिको आधार, गुणस्तरीय तथा प्राविधिक शिक्षाको विस्तार" भन्ने मूल नारालाई आधार बनाई सभ्य सुसँस्कृत प्रतिस्पर्धी र आत्मविश्वासी नागरिक बनाउन प्रभावकारी शिक्षण र गुणस्तरीय सिकाइमा विशेष जोड दिइनेछ। विद्यालयको शैक्षिक वातावरण, शिक्षक र विद्यार्थीको उपस्थिति, अन्तरविद्यालय परिक्षा र परीक्षण पद्दति जस्ता कार्यनीति अवलम्बन गरिनुका साथै राष्ट्रसेवक कर्मचारी, शिक्षक र जनप्रतिनिधिहरुले आफ्ना बालबालिकालाई सामुदायिक विद्यालयमा भर्ना गराई सामुदायिक विद्यालयहरुले प्रदान गरेको सेवाको कदर गर्दै खस्कँदै गइरहेको शैक्षिक गुणस्तरलाई उकास्ने नीति लिइनेछ ।

(२) "हाम्रो विद्यालय राम्रो विद्यालय" अभियानमा सरोकारवालाहरु तथा समुदायसँग हातेमालो गरी अघि बढ्ने नीति लिइनेछ । कक्षा १० सम्म निःशुल्क शिक्षाको सुनिश्चित गर्न आवश्यकता अनुसार शिक्षण अनुदान उपलब्ध गराइनेछ ।

(३) गरिब तथा जेहेन्दार विद्यार्थीहरुको लागि एम.वि.वि एस अध्ययन गर्न छात्रवृत्ति प्रदान गरिनेछ । यसैगरी आर्थिक अवस्था कमजोर भएका विपन्न तथा असहाय बालबालिकालाई उच्च प्राथमिकता दिंदै कक्षा १२ सम्म छात्रवृत्ति लगायत अन्य सकारात्मक शैक्षिक वातावरण सृजना गरी शैक्षिक गुणस्तर सुधार गरिनेछ ।

(४) अभिभावकहरुको भावना र विद्यार्थीहरुको चाहना अनुरुप अँग्रेजी माध्यमबाट शिक्षण गर्न चाहने विद्यालयहरुलाई शिशु कक्षा देखी आधारभूत तहसम्म अँग्रेजी माध्यमबाट पठनपाठन सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

(५) जीवन पर्यन्त शिक्षालाई निरन्तरता दिन सामुदायिक सिकाइ केन्द्रहरुलाई अनुदान उपलब्ध गराउँदै प्रविधिमैत्री साक्षरता जस्ता कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ साथै, खुला विद्यालय(Open School)को अवधारणा अघि बढाइनेछ ।

(६) विद्यालय शिक्षाको आधार प्रारम्भिक कक्षाहरुलाई बालमैत्री कक्षाकोठा, तालिम प्राप्त शिक्षक र आधारभूत शैक्षिक सामग्रीहरुको व्यवस्था मिलाइनेछ। शैक्षिक अनुदानको कार्यक्रमलाई विद्यार्थी शिक्षक अनुपात, कार्यसम्पादन र विद्यालय सुधार योजना आदिका माध्यमबाट न्यायोचित ढंगले सम्बोधन गर्ने नीति लिइनेछ।भौतिक विकास तर्फ भन्दा शैक्षिक गुणस्तर विकास तर्फका क्रियाकलापलाई बढी प्राथमिकता दिई कार्य गरिनेछ ।

(७) शिक्षकको आत्मविश्वास र मनोबल वृद्धि गर्न नमुनायोग्य विद्यालय, उत्कृष्ट प्रधानाध्यापक, उत्कृष्ट शिक्षक, विद्यालय कर्मचारी र बालविकास सहयोगी कार्यकर्ताहरुलाई सम्मान तथा पुरस्कृत गरिनेछ।

(८) शिक्षकका क्षमता विकास तथा उत्प्रेरणाका लागि विभिन्न तालिम र शैक्षिक अवलोकन भ्रमणलाई निरन्तरता दिइनेछ ।

(९) विद्यालय शिक्षामा गुणस्तर,समान पहुँच, समता र प्रविधिसहितको सीपयुक्त शिक्षा र आवश्यकताको प्राथमिकीकरण गरी विद्यालयको समानुपातिक विकास गर्नका लागि नगर शिक्षा योजना पारित गरी आगामी आर्थिक बर्ष देखि कार्यान्वयन गरिनेछ।

(१०) स्थानीय पाठ्यपुस्तक कक्षा १ देखी ८ सम्मका सबै कक्षाका बालबालिकाका हातमा पर्ने गरी बजेटको दायरा बढाइ लेखन र छपाई कार्य गरिनेछ ।

(११) विद्यालयका शिक्षक अभावको कारण पठनपाठनमा आउने समस्या न्यूनीकरण गर्न विद्यार्थि संख्याको अनुपातमा विद्यालय समायोजन/मर्ज र शिक्षक दरबन्दी मिलान कार्यलाई अघि बढाइनेछ।

(१२) विद्यार्थीको स्वास्थ्य र पोषणलाई ख्याल गर्दै विद्यालयलाई **पत्रुखाना(Junk Food) निषेधित क्षेत्र** घोषणा गरिनेछ। साथै स्थानीय उत्पादनलाई दिवाखाजाको रुपमा प्रयोग गरिनेछ।

(१३) संस्थागत विद्यालयहरुको नियमन अनुगमन गर्ने कार्यलाई नियमित गरी विद्यालयले लिने शुल्क र प्रदान गर्ने छात्रवृत्तिलाई व्यवस्थित गरिनेछ ।

(१४) युवाहरु मनोभावना ख्याल गरी खेलकुदका कार्यक्रमहरुलाई थप प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न नगरस्तरीय खेलकुद विकास समिति गठन गरनेछ।

(१५) स्थानीय युवा परिषद् गठन गरी सोही परिषद् मार्फत युवाहरुलाई परिचालन गरी उनिहरुको सहभागीता र नेतृत्व विकास हुने गरी नवप्रबर्द्धनमा आधारित युवा उद्यम विकास, नमुना युवा संसद, जलबायू तथा वातावरण संरक्षण लगायतका कार्यक्रमहरु सञ्चालन गर्न पहल गरिनेछ।

<u>स्वास्थ्य सम्बन्धी नीति</u>

(१६) **आमासँग उपमेयर** कार्यक्रम र ६० बर्ष पुगेका महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकालाई स-सम्मान विदाइ गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

(१७) क्षयरोग र कुष्ठरोग मुक्त लमही नगरपालिका बनाउने ध्येयका साथ समुदाय स्तरमा क्षयरोग तथा कुष्ठरोग सम्बन्धि स्कृनिङ्ग क्याम्प सञ्चालन गरिनेछ ।

(१८) लमही अस्पतालमा उपचारमा आएका शंकास्पद सिकलसेल एनिमिया/थालासेमियाका विरामीहरुको रक्त परिक्षण निःशुल्क गरिनेछ ।

(१९) प्रजनन उमेरका महिलाहरुको पाठेघरको मुखको क्यान्सर, बाँझोपना लगायत प्रजनन स्वास्थ्य समस्याको निवारण तथा उपचारका लागि निःशुल्क प्रजनन स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

(२०) लमही नगरपालिकाका ४० वर्ष माथिका आम नागरिकहरुको मृगौला, प्रेशर तथा सुगर जाँच गर्ने अभियान सञ्चालन गरी दीर्घरोगको समयमै

पहिचान एवं ब्यवस्थापन गरिनेछ ।लमही नगरपालिकाका सवै वडाहरुमा वितरण गरिएको पानी पिउनयोग्य भए नभएको परिक्षण गरिनेछ ।

(२१) मुखको स्वास्थ्यलाई विशेष महत्व दिई लमही अस्पतालमा दक्ष चिकित्सक वा स्वास्थ्यकर्मीबाट दन्त परिक्षण गर्ने कार्य थप गरिनेछ । लमही नगरपालिकामा बसोवास गर्ने हाइड्रोसिलको समस्या भएका विपन्न व्यक्तिको पहिचान गरी लमही अस्पतालमा निःशुल्क अपरेशनको ब्यवस्था गरिनेछ ।

(२२) नागरिक आरोग्यकेन्द्रबाट दीर्घरोगीहरुलाई उपचार गर्दै आएको पञ्चकर्म विधिको सेवालाई निरन्तरता दिइनेछ ।

(२३) मातृशिशु स्वास्थ्य र स्तनपानको महत्व बुझाउन साथै आमा र बच्चाको स्वास्थ्य सुधार गरी कुपोषणबाट जोगाउन समुदायस्तरमा चेतनामूलक अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

(२४) सबै सामुदायिक विद्यालयहरुमा अध्ययनरत बालवालिकाहरुको मुटु रोग परिक्षण गर्ने आवश्यक व्यवस्था मिलाईनेछ।

(२५) स्वास्थ्य संस्था दर्ता, अनुमति, नविकरण, सञ्चालन तथा स्तरोन्नती सम्बन्धी आवश्यक कार्यविधी तर्जुमा गरी नीजि क्षेत्रबाट प्रदान गरीने स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउने व्यवस्था मिलाईनेछ।

(२६) ६० वर्ष माथिका जेष्ठ नागरिकहरुलाई आयुर्वेदिक सेवा प्रदान गरी निःशुल्क औषधि वितरण गर्नका लागि लमही नगरपालिकाका हरेक वडाहरुमा निःशुल्क आयुर्वेदिक स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

<u>लैङ्गिक समनता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति</u>

(२७) महिलाको सर्वाङ्गिण उत्थान र सबलीकरणमा जोड दिइनेछ। महिलाविरुद्ध हुने हिंसा, शोषण र भेदभाव अन्त्य गर्दै लैंगिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

(२८) महिला, दलित, भूमिहिन, आदिवासी जनजाति, अति विपन्न तथा पिछडिएका वर्गको सामाजिक सशक्तिकरणका लागि चेतनामूलक तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

(२९) उद्यमशीलताको माध्यमबाट स्वरोजगारी सृजना गरी लक्षित वर्गलाई आर्थिक रुपमा सक्षम र सीपयुक्त बनाउन सीप विकासका तालिम सञ्चालन गरिनेछ।

(३०) ज्येष्ठ नागरिकहरुको मनोवल उच्च राख्न ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन गरी मनोरञ्जनात्मक र रचनात्मक क्रियाकलाप संचालन गरिनेछ। ज्येष्ठ नागरिकहरुको ज्ञान र अनुभवको उपयोग र पुस्तान्तरणमा जोड दिइनेछ। कपडाकोको अभाव भएका असाय दुखिहरुले उपयोग गर्ने कपडा बैंकको स्थापना गरिनेछ।

(३१) सहायक सामग्रीको आवश्यकता भएका अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामग्री वितरण गरिनेछ। सार्वजनिक भौतिक संरचनालाई अपाङ्गमैत्री बनाइनेछ।

(३२) बाल विवाह, बालश्रम, मानव दुर्व्यवहार, लागु पद्धार्थ दुर्व्यसनी, लैंगिक तथा घरेलु हिंसा, सामाजिक विभेद, यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायमा हुने विभेद न्यूनीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। साथै बाल अधिकारको सुनिश्चितता लागि बालमैत्री स्थानीय शासन (CFLG) सम्बन्धि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।

(३३) असहाय, यौन दुर्व्यवहार र घरेलु हिंसामा परेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकलाई अल्पकालिन सेवा केन्द्र मार्फत अल्पकालिन आश्रय, मनोसामाजिक परामर्श र पारिवारिक पुर्नमिलन सम्बन्धी व्यवस्था गरिनेछ।

(३४) महिला सञ्जाल, बाल सञ्जाल, ज्येष्ठ नागरिक सञ्जाल, अपाङ्गता सञ्जाल, किशोर किशोरी सञ्जाल र आमा समुहको सबलिकरण गरिनेछ।

<u>स्थानीय कला, संस्कृति, परम्परा प्रबर्धन सम्बन्धी नीति</u>

(३५) स्थानीय कला, भेष-भुषा, चाडपर्व, मठमन्दिर, मरवा, धनवा आदिको संरक्षण गर्ने उद्देश्यले स्थानीय गाउँको अगहवा/ककन्दार/वरघर, विभिन्न क्लबहरु तथा संघसस्थाहरु मार्फत सामाजिक, सांस्कृतिक, प्राकृतिक सम्पदाको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गरिनेछ।

(३६) नगरपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ। लोपोन्मुख मौलिक बाजा तथा लोक नृत्यहरुको संरक्षणमा विशेष प्राथमिकता दिइनेछ।

## ख. आर्थिक विकास तर्फ

<u>कृषि विकास सम्बन्धी नीति</u>

(३७) कृषकहरुलाई प्रोत्साहित गरी कृषि उत्पादन तथा उत्पादकत्व बढाउनको लागी निश्चित अनुदानमा कृषि उत्पादन सामग्री तथा कृषि औजार उपकरण उपलब्ध गराइनेछ। मलखादको उपलब्धतालाई प्रर्याप्त र सहज बनाइनेछ।

(३८) स्थानीयस्तरमा व्यावसायिक सम्भाव्यताको आधारमा बाली विशेषका क्षेत्रहरु पहिचान गर्ने र पकेट क्षेत्र वनाई बाली विशेष उत्पादन अभियान कार्यक्रमहरु संचालन गरिनेछ।

(३९) यो आर्थिक वर्षमा किसान सूचीकरण कार्यक्रम अन्तर्गत यस लमही नगरपालिकाका सवै वडामा किसानलाई सुचीकृत गर्ने कार्य सम्पन्न गरिनेछ । सूचीकृत कार्य सम्पन्न भएका वडाहरुमा किसान परिचय पत्र वितरणको प्रक्रियालाई अगाडी बढाइनेछ ।

(४०) निर्वाहमुखि कृषि व्यावसायलाई व्यवसायीकरण आधुनिकिकरण कृषि उपजको बजारीकरण र कृषकहरुलाई कृषि उपजको उचित मुल्य प्रदान गर्न कृषक समुह, कृषि सहकारीहरुसंग सहकार्य र क्षमता अभिबृद्धिका कार्यक्रम संचालन गरिनेछ।

(४१) प्राङ्गारिक खेति (Organic Farming)लाई जोड दिइनेछ साथै प्राङ्गारिक मलको उत्पादन तथा प्रयोग प्रवर्द्धनलाई प्रोत्साहन गरिनेछ।

(४२) भुमिहिन दलित, भूमिहिन सुकुम्बासी, अतिविपन्न परिवार तथा बेरोजगार युवाहरुलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन **करार खेति कार्यक्रम** संचालन गरिनेछ।

(४३) **कृषि प्रयोगशाला (Lab) स्थापना** गरी माटो परिक्षण सेवा, वाली उपचार सेवा प्रदान गरिनेछ । माटोको उर्वराशक्ति दिगो रुपमा कायम राख्नको लागि र सन्तुलित मात्रामा मलखादको प्रयोगमा जोड दिनका लागी माटो परिक्षण सेवा संचालन गरिनेछ साथै रोग तथा किराबाट बालीमा हुने नोक्सानी न्यूनीकरण गर्न बाली उपचार शिविर सेवा संचालन गरिनेछ ।

(४४) कृषि उपजहरुको संकलन र वजारिकरणको लागि लमही नगरपालिका वडा नं. ५ मा निर्माण भईरहेको कृषि संकलन केन्द्र तथा चिस्यान केन्द्रको निमार्ण कार्यलाई यसै आर्थिक बर्षमा पुर्णता दिइनेछ।

<u>पशुपन्छी विकाससम्बन्धी नीतिः</u>

(४५) लमही नगरपालिकालाई अन्डा, मासु र दुधमा क्रमश आत्मनिर्भर बनाउने नीतिलाई निरन्तरता दिईनेछ। गाई भैसी र बाख्राको कृतिम गर्भाधान कार्यक्रमलाई प्रभावकारी बनाई उन्नत नश्लका पशुहरुको संख्यामा बृद्धि गरिनेछ ।

(४६) पशुपंन्छीको नश्ल सुधार, पौष्टिक दाना आहारको व्यवस्था, पशुपन्छी स्वास्थ्य सेवा एवम् उत्पादित पशुजन्य पदार्थको बजारीकरणका चारै पक्षलाई समानान्तर रुपमा अगाडी बढाई एकीकृत रुपमा सेवा प्रदान गर्ने नीति अबलम्बन गरिनेछ ।

(४७) गुणस्तरीय पशु आहाराको उपलब्धता बढाउन डालेघाँस, भुँईघाँस उत्पादन बीउ बृद्धि, औषधी र घाँस समिश्रण मिनरल आदि उत्पादन र प्रयोगका साथै कृषिजन्य उप पदार्थहरुको सदुपयोगलाई प्रोत्साहन गर्न **"एक वडा एक पशुपालन स्रोत केन्द्र"** स्थापनाको लागि पहल गरिनेछ ।

(४८) पशुपंछी पालन गरिरहेका किसानहरुलाई कृषि उत्पादन र उत्पादकत्व वृद्धि हुनेगरि पशुपालनमा आत्मनिर्भर बनाउने हेतुले **"विपन्न किसान संग पशुपंछी कार्यक्रम"** संचालनको लागि पहल गरिनेछ।

(४९) दाङ देउखुरीको पहिचान बधिया भाले बनाउनको लागि आवश्यक प्राविधिक सेवालाई सहुलियत र सहज बनाई आवश्यक बजारीकरणको लागि पहल गरिनेछ।

(५०) कृषि तथा दुग्ध उत्पादनको सम्भावना भएका नगरपालिका भित्र कृषि तथा दुग्ध उपज संकलन केन्द्र हाट बजार तथा शीत भण्डारण स्थलहरु क्रमागत रुपमा स्थापना गरिनेछ। उत्पादन भएका सामग्रीहरु विक्री वितरण, व्यवसायीकरण तथा बजारीकरणको सुनिश्चितता मार्फत उत्पादन तथा आम्दानी वृद्धि गर्न सहयोग पुराइनेछ।

(५१) पशुपन्छीबाट मानिसमा सर्ने विद्यमान जुनोटिक रोग र रोकथामका बारेमा जनचेतनामूलक कार्यक्रम प्रभावकारी बनाई पशुपन्छीहरुको रोग निदान

गरी पशु उपचार, पशु स्वास्थ्य शिविर, रेबिज रोग नियन्त्रण तथा खोप सेवा लगायतका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

<u>उद्योग, पर्यटन, रोजगार तथा सहकारी सम्बन्धी नीति</u> :

(५२) गरिब निवारणका लागि लघु उद्यम विकास कार्यक्रम(मेड्पा) कार्यक्रम मार्फत नयाँ लघु उद्यमी सृजना तथा पुराना लघु उद्यमीलाई प्राविधी सहितको एडभान्स सिप विकास तालिम प्रदान गरी लमही नगरपालिका भित्रका युवायुवतीहरुलाई स्वरोजगारको अवसर श्रृजना गरि गरिवी न्युनिकरण गर्ने नीति अबलम्बन गरिनेछ **लक्षित कार्यक्रमलाई मेड्पा (MEDPA) मोडल संग** आवद्ध गरी सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

(५३) **"मेक इन लमही" "मेड इन लमही"** अभियानलाई प्रवर्द्धन गर्न नीजि, सहकारी, गैरसरकारी क्षेत्र तथा अन्य सरोकारवाला निकायसँग समन्वय र सहकार्यमा आन्तरिक रोजगारी सिर्जनामा जोड दिई स्थानीय बस्तुको प्रयोग गरी **बेतवासको सामग्री, आचार, ढकीया, गुन्द्री, मुढा, दुनाटपरी, अगरबत्ती, मैनबत्ती** बनाउने तालिमलाई थप प्राथमिकता दिईनेछ।

(५४) रोजगार सेवाकेन्द्रबाट श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृती सम्बन्धी भएको कार्यलाई थप प्रभावकारी र छरितो बनाईनेछ।

(५५) बैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र उपलब्धिमुलक बनाउन संघीय सरकार, प्रदेश सरकार, बैदेशिक रोजगार बोर्ड तथा बैदेशिक रोजगारसंग सरोकार राख्ने निकायहरुसँगको समन्वय र लागत सहभागीता तथा साझेदारीमा आप्रवासी कामदार र उनीहरुको परिवारलाई लक्षित गरी सुरक्षित बैदेशिक रोजगार सम्बन्धी सुचना प्रवाह, मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षरता र सीप अभिबृद्धि गर्ने तथा आप्रवासी कामदारहरुले बैदेशिक रोजगारको दैरानमा सिकेका व्यवसायिक

ज्ञान प्रयोग गरी स्थानीयस्तरमा रोजगारी सिर्जना गर्ने कार्यक्रमहरु संचालन गरिनेछ।

(५६) टोल विकास संस्था, युवा क्लब तथा अन्य सरोकारवाला व्यक्तीहरुलाई सुरक्षित आप्रवासन र वित्तीय साक्षरता सम्बन्धी वडास्तरमा अभिमुखीकरण गरिनेछ।

(५७) ईलाका प्रशासन कार्यालयमा स्थापना गरिएको **आप्रवासी श्रोत केन्द्र** (सहायता कक्ष) लाई अन्तरपालिका स्तरीय सेवा केन्द्रको रुपमा विकास गरि निरन्तरता दिईनेछ । उद्यमशिलता, स्वरोजगार, आन्तरिक रोजगार तथा बैदेशिक रोजगारसंग सम्बन्धित विषयलाई व्यवस्थित गर्न संगठन संरचनामा **श्रम, रोजगार तथा उद्यम विकास शाखा** विस्तार गरी आवश्यक सेवाहरुलाई एकिकृत रुपमा प्रवाह गरिनेछ।

(५८) प्रदेश सरकार र देउखुरी उद्योग वाणिज्य संघ लगायतका सरोकारवाला संगको समन्वय र सहकार्यमा लमही नगरपालिका वडा नं. ३ स्थित बालजनता मा.बि वनगाउँको जग्गामा व्यवस्थित **अटोभिलेज निर्माण** गरी सञ्चालन गर्न प्राथमिकता दिइनेछ।

(५९) पर्यटनलाई अर्थतन्त्रको गतिशील आयामको रूपमा सबै प्रकारका आर्थिक गतिविधिसँग आबद्ध गरिने छ। यस क्षेत्रका पर्यटकिय स्थल, धार्मिक तथा सांस्कृतिक स्थल र बस्तुहरूको विविधिकरण गर्दै कृषि पर्यटन, जल पर्यटन, पर्यापर्यटन र खेल पर्यटनको रूपमा विकास गरि पर्यटन क्षेत्रमा रोजगारी बृद्धि गरिने छ । **रिहार स्थित गौशाला** व्यबस्थापनलाई धार्मिक पक्षसंग जोड्दै स्थानीय पर्यटन (धार्मिक) क्षेत्रमा रुपान्तरण गरिने छ ।

(६०) सांस्कृतिक, प्राकृतिक सम्पदाको संरक्षण र सम्बर्द्धन गरी सांस्कृतिक पर्यटन प्रबर्द्धन गरिने छ। सांस्कृतिक क्षेत्रहरूको संरक्षण, विकास र प्रबर्द्धन गर्न ग्रामिण पर्यटन तथा घरबास (होमस्टे) कार्यक्रमलाई प्रबर्द्धन हुने कार्यक्रमहरू संचालन गरिने छ।

(६१) यस नगर क्षेत्रमा रहेका प्रत्येक टोलबस्तीहरुको चिनारीको लागि टोल विकास संस्था तथा सरोकारवालाहरु संग समन्वय गरी टोल बस्तीको उत्कृष्ट नामकारण गर्ने ।

(६२) स्थानीय उत्पादन वृद्धि रोजगारी सिर्जना र गरिवी न्यूनीकरण गर्न सहकारी क्षेत्रको प्रवर्धन गरी स्थानीय उत्पादनलाई बजारीकरण गर्न सहकारी वजारको निर्माण तथा प्रदर्शनीका कार्यक्रम ल्याइनेछ। सहकारी संस्थाको अनुगमन र नियमन प्रणालीलाई प्रभावकारी बनाउने छ ।

(६३) सहकारी संस्थाको कुशल व्यवस्थापन र क्षमता विकासको लागि संस्थाका संचालक, व्यवस्थापक र नगरपालिका विच चौमासिक बैठक तथा अन्तरक्रिया, कार्यशाला र विभिन्न समितिका पदाधिकारीहरुलाई तालिमको माध्यमबाट सहकारी संस्थाहरुलाई व्यवस्थित र सुदृढिकरण गर्ने नीति अवलम्बन गरिनेछ।

(६४) सहकारी संस्थाहरुले उत्पादन गरेका स्थानीय उत्पादनहरुलाई राष्ट्रियस्तरमा बजारीकरण गरी स्थानीयस्तरमा ती बस्तुहरुको प्रयोग गर्ने बिशेष व्यवस्था मिलाईनेछ।

(६५) स्थानीय तह कार्यक्षेत्र भई सञ्चालन हुने सहकारी संस्थाहरुको नियमनको लागि आवश्यक ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड तयार गरी समयानुसार परिमार्जन तथा संशोधन गरिनेछ।

(६६) सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका र संस्थाले प्रवाह गरेको ऋण असुलीको लागि निरिक्षण तथा अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

## ग. पूर्वाधार विकास तर्फः

(६७) **"नगर समृद्धीको आधार स्मरणीय पूर्वाधार"** भन्ने मुल नाराका साथ सञ्चालन गरिएको अभियानलाई आगामी आ.ब.मा समेत यसै मर्मको परिधीभित्र रही पूर्वाधार विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ।

(६८) एकिकृत सहरी विकासको लागि लमही-कोइलाबास सडक अन्तरगत लमही बजार भित्रको सडकलाई संघ, प्रदेश सरकारसंग समन्वय गरी विस्तार गर्न उच्च प्राथमिकता दिईनेछ। प्रगन्ना बड्का पथ सिचाई आयोजनालाई सतबरीयासम्म बस्तार गर्न पहल गरीनेछ ।

(६९) नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक एवं लमही नगरपालिकाको जग्गा विकास तथा प्लटिङ सम्बन्धी मापदण्ड, २०७५ तथा प्रचलित कानुनहरु कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

(७०) नगर क्षेत्रमा स्तरीकृत नमुना बाटो Model Road को रुपमा न्यूनतम मापदण्ड पुरा गरेका स्तरीकृत ग्राभेल सडकलाई कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

(७१) नगरपालिकाको गहनाको रुपमा रहेको बाल उद्यान, पार्क, खुल्ला ठाउँ, सामुदायिक भवनलाई मर्मत तथा पुननिर्माण गरिनेछ। नगरपालिका क्षेत्रमा निर्माण गरिने सार्वजनिक तथा सरकारी भौतिक संरचनाहरु बालमैत्री, अपाङ्ग मैत्री, जेष्ठनागरिक तथा फरक क्षमता भएका व्यक्तिहरुको सहज पहुँचयुक्त हुने गरी नयाँ निर्माणमा कडाईका साथ लागु गरिनेछ।

(७२) नेपाल सरकार तथा बिभिन्न संस्थाहरुको सहकार्यमा लमही नगरपालिका क्षेत्रभित्रका बिद्युत, टेलिफोन, केवल टेलिभिजन, इन्टरनेट लगायतका तारहरु व्यवस्थित गर्ने नीति लिइनेछ |

<u>घ. बन, वातावरण, सरसफाई तथा विपद् व्यवस्थापन नीति</u>

(७३) वर्तमान सन्दर्भमा प्रमुख रुपमा रहेका वातावरणीय समस्याहरू वायु प्रदुषण, पानी र माटोको प्रदुषण, जलवायु परिवर्तन, वातावरणीय विनाश साथै मानव सिर्जित समस्याहरूको समाधान र  मापदण्डसहित नियमन गर्न र जलवायु परिवर्तनका कारण सिर्जित समस्याहरूलाई समाधान गर्न सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबीच समन्वय कायम गर्ने र वातावरणीय व्यवस्थापनको प्रभावकारी अनुगमन गर्ने जस्ता कार्यहरू सम्पादन गरिनेछ।

(७४) नगरका विभिन्न स्थानहरूमा स्तरिकृत जैविक विविधता पार्क निर्माण गरि पर्यावरण संरक्षण गर्दै ब्यवस्थित पर्यटकिय पार्कको रूपमा विकास गर्ने कार्यलाई निरन्तरता दिदै सामुदायिक वन, सार्वजनिक सम्पत्ति र सिमसार क्षेत्रको विशेष संरक्षण गरिनेछ।

(७५) पानीको सतह तथा भूमिगत स्रोत संरक्षण गर्न मुल/मुहान संरक्षण कार्यक्रम मार्फत नगरवासीहरूलाई खानेपानी आपूर्तिको दिगो व्यवस्था मिलाईनेछ ।

(७६) खुल्ला दिशामुक्त नगरको अभियानलाई निरन्तरता दिन दिशाजन्य लेदो व्यवस्थापन प्रशोधन केन्द्र निर्माण गरी संचालनमा ल्याईने छ । फोहोर ब्यवस्थापनका लागि सरसफाई गुरूयोजना तयार गरिने छ। सफा, स्वच्छ र स्वस्थ नगर निर्माण गर्न सरसफाई अभियानलाई निरन्तरता दिईनेछ।

(७७) नदी तटिय क्षेत्रमा हुने जल उत्पन्न प्रकोप न्यूनिकरण गर्न मौसम तथा बाढी पूर्वानुमानको गुणस्तरिय र विश्वसनीय सूचना प्रवाह गर्ने ब्यवस्था मिलाईने छ । आपतकालिन अवस्थामा नगरवासीहरूको जनधनको सुरक्षा गर्न हेलिप्याड सहितको आश्रय घर लगायत अन्य आवश्यक पूर्वाधार निर्माण गरिने छ।

(७८) विपद पीडित तथा निजको परिवारलाई प्रदान गरिने राहत, उद्धार तथा अन्य कल्याणकारी सेवालाई थप प्रभावकारी रूपमा तत्काल उपलब्ध हुने प्रबन्ध मिलाई  स्थानीय सरकारको अनुभुति दिईने छ ।

(७९) <u>**मेरो फोहोर मेरो जिम्मेवारी**</u> भन्ने भावना हरेक नगरवासीहरूमा जागृत गराउन सचेतनामुलक कार्यक्रमहरू संचालन गरिने छ। नगर सफाई अभियानलाई निरन्तर संचालन गरि सुन्दर नगर निर्माण गरिनेछ। निजी क्षेत्र सँगको साझेदारिमा वातावरणमैत्री प्रविधिमा आधारित फोहर प्रशोधन प्लान्ट स्थापना गर्न प्रकिया अगाडी बढाईने छ ।

(८०) वन, वातावरण तथा विपद व्यवस्थापका क्षेत्रमा उदाहरणीय कार्य गर्ने व्यक्ति, संस्था र टोल विकास संस्थाहरूलाई पुरस्कृत गरी वातावरण संरक्षणमा समुदायको सहभागितालाई सुनिश्चित गर्ने नीति अवलंवन गरिने छ ।

(८१)<u>**" प्लाष्टिक भनेको खेर जाने फोहर हैन, यसलाई उपयोग गर्न जाने बेफाइदा छैन"**</u> भन्ने मुल नाराका साथ गुणस्तरीय प्लाष्टिकको उपयोग बढाउन र प्लाष्टिकजन्य फोहोरको पुनःप्रयोग गरी यस नगरको फोहोरमैला व्यवस्थापन र सरसफाईलाई आर्थिक चक्रसँग जोड्न बालबालिका, युवा, समुदाय, र निजी क्षेत्रको परिचालन गरि प्लाष्टिजन्य फोहरको व्यवस्थापनमा बिशेष जोड दिईनेछ ।

(८२) लमही नगरपालिका र यसको मातहतका सबै कार्यालय, विद्यालय र स्वास्थ्य संस्थाहरूमा प्लाष्टिक निषेधित क्षेत्र घोषणा गरिनेछ ।

<u>सार्वजनिक सेवा प्रवाह, सुशासन तथा संस्थागत विकास तर्फका नीतिहरुः</u>

(८३)"**हाम्रो कर हाम्रै विकास**" भन्ने मुल नाराका साथ करको दायरा वृद्धि गरी सवै प्रकारका करदाताहरुलाई करको दायरामा ल्याई कर शुल्क, र दस्तुर संकलन गर्ने नीति लिइनेछ।

(८४)लमही नगरपालिका भित्र सञ्चालन रहेका पसल, साना तथा ठुला उद्योग (सिमेन्ट, क्रसर, इट्टा उद्योग) व्यवसायहरुको प्रभावकारी अनुगमन गरी कर प्रणालीको दायरा भित्र नआएका करदातालाई करको दायरामा ल्याउन ब्यवसाय दर्ता/नविकरण तथा घरदैलो कार्यक्रम सञ्चालन गरिनेछ।

(८५)घर वहाल करको अभिलेखलाई ब्यवस्थित गरी आगामी आ.व. २०८२/०८३ लाई **घर वहाल कर वर्ष**को अभियान सञ्चालन गरी राजस्व अभिवृद्धि गर्ने नीति अवलम्वन गरिने छ साथै सम्पत्ति कर/भुमि तथा मालपोत कर, व्यवसाय कर, मनोरञ्जन करलाई थप व्यवस्थित गर्दै लैजाने नीति अवलम्वन गरिनेछ ।

(८६)स्थानीय कर प्रशासनलाई थप सुदृढ गर्ने तथा राजस्व चुहावट र नियन्त्रणलाई प्रभावकारी तुल्याइने छ । साथै करदाता शिक्षा अभियान, कर उत्प्रेरणा र करदाता मैत्री राजस्व प्रशासनको व्यवस्था गर्ने नीति अवलम्वन गरिनेछ।

(८७)लमही नगरपालिका क्षेत्र भएको नदि तथा घाटहरुको नदीजन्य पदार्थको उत्खनन् तथा व्यवस्थापन गर्ने कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाईनेछ।

(८८)न्यायिक समिति मार्फत सम्पन्न हुने कार्यलाई व्यवस्थित गर्न विवरणलाई अध्यावधिक गर्ने कार्यको लागि सफ्टवेयर जडान गरीनेछ।

(८९)प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना, संचालन तथा व्यस्थापनलाई व्यवस्थित गरिनेछ। सूचीकृत मेलमिलापकर्तालाई क्षमता अभिवृद्धिका लागि तालिम संचालन गरिनेछ।

(९०) न्यायिक समितको क्षेत्राधिकार पर्ने विषयहरुको वारेमा जानकारी गराउन प्रत्येक वडामा अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ।

(९१) लमही नगरपालिकालाई डिजिटल र स्मार्ट बनाउन कम्प्युटर प्रविधिको आवश्यकता हुँदा, यस नगरपालिकालाई डिजिटल नगरमा रुपान्तरण गर्न आवश्यक पूर्वाधार बिकास गर्ने नीति आवलम्बन गरिनेछ।

(९२) नगरपालिका अन्तर्गत रहेको सम्पूर्ण वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु, सामुदायिक विद्यालयहरुमा रहेको डिजिटल हाजिरी तथा सि.सि.टि.भी क्यामेरा प्रणालीलाई केन्द्रिकृत गरिनेछ।

(९३) सूचना तथा सञ्चार प्रविधि सम्बन्धी सेवाहरु, रेडियो तथा टेलिभिजन प्रसारणको व्यापक पहुँच एवं विस्तार सुनिश्चतता गर्न कार्यक्रम तर्जुमा गरी लागु गरिनेछ ।

(९४) विशेष आवश्यकता भएका तथा अपाङ्गता व्यक्तिहरुमा सूचना तथा संचार प्रविधि पहुँच सुनिश्चतता गर्न टेक्नोलोजी प्रयोगमा जोड दिइनेछ। दृष्टिविहीन व्यक्तिहरूका लागि स्क्रीन रिडर प्रयोग गर्न सिकाउने, सुस्त मनोबिकास भएका वा बोल्न नसक्नेका लागि सहायक एप्सको प्रयोग, सांकेतिक भाषा प्रयोगकर्ताका लागि भिडियो सामग्रीको व्यवस्था मिलाईनेछ।

(९५) भुमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधानको लागि लगत संकलन, प्रमाणिकरण, जग्गा नापी आदि कार्य सम्पन्न गरिनेछ। भूमि समस्या समाधान आयोगसँग सहकार्य गरी जग्गाधनी प्रमाण पुर्जा वितरण कार्यलाई प्राथमिकता दिइनेछ।

(९६) अति गरिब, एकल र सीमान्तकृत भूमिहीन परिवारको लागि आवास निर्माण र जिविकोपार्जनको कार्यक्रम सञ्चालन गरिनेछ। विकासका कार्यक्रम सञ्चालन गर्दा सीमान्तकृत एवं भूमिहीन समुदायसम्म पुग्ने गरी तर्जुमा गरिनेछ। अति विपन्न घरपरिवार परिचय पत्रको आधारमा रासन दिने व्यवस्था मिलाइनेछ।

(९७) गुठी जग्गा तर बर्षौदेखि किसानले नै जोतभोग गर्दै आएका मोही लागेका किसानहरूको स्वमित्वमा यस्तो प्रकृतिको जग्गा दर्ता गरी औपचारिक प्रणालीमा ल्याउन लगत लिने र जग्गा दर्ता प्रक्रियाको लागि प्रदेश र सङ्घीय सरकारसँग पहल गरिनेछ।

(९८) आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्दै बेरुजु न्युनिकरणमा जोड दिइनेछ ।

(९९) नगरपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अबलम्बन गरिनेछ। स्थानीय निजामती सेवा ऐन, २०८१ बमोजिम नगरपालिका संगठन तथा व्यवस्थापन सर्वेक्षण(O and M) स्वीकृत गरी आवश्यकता अनुसार दक्ष जनशक्ति व्यवस्थापन मिलाईनेछ। सबै कर्मचारीहरुलाई कार्यसम्पादन सम्झौताको न्यूनतम लक्ष्य दिई कार्यसम्पादन मूल्याङ्कन गर्ने परिपाटी मिलाईनेछ। उत्कृष्ट हुने कर्मचारीलाई सम्मान तथा पुरस्कार समेत प्रदान गरिनेछ।

(१००) संघीयताको मर्म अनुरूप नागरिकमा अधिकतम लाभ प्राप्त हुने गरी गुणस्तरीय सेवा, सवल पूर्वाधार तथा आर्थिक समृद्धि प्राप्तिको लागि विकासका हरेक क्षेत्रमा स्थानीय सरकारको क्षमता वृद्धि गर्दै संस्थागत सुशासन कायम गर्न साझेदार संस्थाहरू सँग सहकार्य गरिने छ ।

(१०१) उपभोक्ता हितलाई केन्द्रविन्दुमा राखी व्यापारिक कारोबारमा नैतिकता, स्वच्छता, प्रतिस्पर्धा र अनुशासन कायम गर्न नियमित बजार अनुगमन गर्ने व्यवस्था मिलाईनेछ। उपभोक्ताहरुको स्वास्थ्य प्रति संवेदनशिल रहि गुणस्तरीय दैनिक उपभोग्य सामग्रीहरु बिक्रि वितरणमा जोड दिइनेछ।

(१०२) सार्वजनिक सेवामा आर्थिक सामाजिक रुपमा पछाडी परेका वर्ग समुदायको प्रतिनिधित्व गराउने हेतुले लमही नगरपालिका मार्फत हरेक

वर्ग र समुदायको पहुँच बढाउन महिला, दलित आदिवासी जनजाती, मधेशी, थारु, मुस्लिम, मुक्त कम्लरी, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, आर्थिक रुपमा विपन्न खस आर्य लगायत शहिद, वेपत्ता, द्वन्द पीडित परिवारलाई लक्षित गरी **निःशुल्क लोकसेवा आयोग तयारी कक्षा** कार्यक्रम जस्तो अभियान सञ्चालन गरी राज्यले लिएको आरक्षण तथा सकारात्मक विभेद सम्बन्धी नीतिको कार्यान्वयन गर्न पछाडि परेको वर्ग तथा समुदायलाई राज्यको मुलप्रवाहमा समाहित गराउदै राज्यप्रतिको अपनत्व भावना उजागर गराउने नीतिलाई निरन्तरता दिईनेछ।

(१०३) LISA, FRA, GESI Audit, LED तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको कार्यसम्पादन सुचकको लक्ष्य प्राप्ति लागि लमही नगरपालिकाका जनप्रतिनीधी र कर्मचारीहरुको बिचमा नियमित समिक्षा तथा समन्वय बैठक बसी आवश्यक निर्णय लिने पद्दतीको बिकास गर्ने नीति लिईनेछ।

(१०४) राजश्व संकलन, नागरिकको सुरक्षा, बजार व्यवस्थापन तथा नगरपालिकाको नीति कार्यान्वयन गर्ने लगायतका कार्यहरु गर्ने गरी नगर प्रहरीको कार्यसम्पादनको दायरा फराकीलो बनाउदै नगर प्रहरीको दरबन्दी थप गरी परिचालन गरिनेछ।

(१०५) नगरपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्वी र सुशासित समुदाय निर्माण गर्ने उद्धेश्यका साथ जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहितालाई प्रवर्द्धन गर्न जोड दिईनेछ ।

धन्यवाद !